लेखापरीक्षण प्रतिवेदन

गढवा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गढवा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/641

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गढवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दाङ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५ करोड ५४ लाख ६३ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३३ लाख ५६ हजार समेत गरी रु. १५ करोड ८८ लाख १९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्व ५३ करोड ७ लाख ५९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ९१ लाख ४८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाले तोकिएबमोजिम फस्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन। बाँकी बेरुजु रु. १ करोड ९१ लाख ४८ हजारमध्ये असुल गर्नुपर्ने रू. ३७ लाख २७ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. २३ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २१ लाख ९८ हजार र पेस्की बाँकी रु. ८ लाख ४९ हजार रहेको छ। गत वर्षसम्म रु. ३९ करोड ४८ लाख १३

हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४१ करोड ११ लाख ६४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गढवा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गढवा गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४३	२०	१,९१,४८,९२८	०	०	०	०	४३	२०	१,९१,४८,९२८	३७,२७,१९५	१,२१,९८,००६	२३,७४,७२८	०	०	१,४५,७२,७३४	८,४९,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दाङ	३९,४८,१३,०००	०	२९,८५,१७२	३९,१८,२७,८२८	१,८८,१२५	१,९१,४८,९२८	४१,११,६४,८८१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	१४	बैठक भत्ता	१५,३००
२	२०७८/७९	२५	बैठक भत्ता खर्च	१६,५७५
३	२०७८/७९	४९	बिल भरपाई पेश नभएको	२,००,०००
४	२०७८/७९	१९	पदाधिकारी यातायात सुविधा	४,१८,८३९
५	२०७८/७९	५७.३	आन्तरिक लेखापरीक्षणवाट कायम वेरुजु	२१,३८६
६	२०७७/७८	२८.२	कृषि पशु कार्यक्रम	१८,७००

७	२०७७/७८	७४.१	आन्तरिक लेखापरीक्षण	४,९४,३७२
८	२०७८/७९	१५	पेश्की बाकीँ	१८,००,०००
जम्मा				२९,८५,१७२

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरेहेको।	

(८०५५६५०१३०० - गढवा गाउँपालिका, दाङ)

परिचय

१ **परिचय** -

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी ,कार्यकारिणी ,र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले गढवा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा ,३५८.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४५८९८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१। ०८। १९ देखि २०८१।०८। २३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय - व्यय तर्फ रु.१ अर्व ५३ करोड ७ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा दिवा खाजामा बढी निकासा , राजश्व दाखिला गर्न बाँकी राजश्व ,पाठ्यपुस्तक बढी निकासा ,पारिश्रमिक कर, दोहोरो पोशाक भत्ता लगायतको जम्मा रु ६,१५,०७०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति	जम्मा	जम्मा
११०००	कर	१२,८३,८५,५१८.२२	११,३९,२८,०३५.२०
१३०००	अनुदान	३५,३०,०४,०६२.५०	४०,४२,१७,४२२.४०
१४०००	अन्य राजस्व	२,०७,२२,८३९.५२	२,६०,११,८१३.०७
१५०००	विविध प्राप्ति	१९,१३,५९४.००	०
क	कुल जम्मा प्राप्ति	५०,४०,२६,०१४.२४	५४,४१,५७,२७०.६७
३	चालु	३७,०६,६८,६०३.८०	३६,८९,०३,६५७.३३
२१०००	पारिश्रमिक / सुविधा	४,११,८१,०११.८४	३,८२,८७,३१२.३९
२२०००	मालसामान तथा सेवाको उपयोग	१३,६६,०२,७३१.५६	१४,२७,४४,९०३.९५
२५०००	सहायता (Subsidy)	१७,३४,७९,०३३.४०	१६,९०,२५,२०१.९९
२७०००	सामाजिक सुरक्षा	१,८८,७३,३३४.००	१,८५,७०,६१९.००
२८०००	अन्य खर्च	५,३२,४९३.००	२,७५,६२०.००
४	पूंजीगत	१५,६९,६२,१७२.००	२६,८९,४७,७६६.००
३१११०	भवन तथा संरचना	४,३३,५०,७६०.००	५,७६,२४,८६१.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	६२,७६,५५४.००	२,०४,५७,२७३.००
३११३०	अन्य पूँजीगत खर्च	१६,१८,३९५.००	४५,४२,०८०.००
३११५०	सार्वजनिक निर्माण	१०,१३,६६,५१३.००	१७,१८,११,००२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	२१,५०,५५०.००	१३,७८,२८०.००
३११७०	पूँजीगत सुधार खर्च	२१,९९,४००.००	१,३१,३४,२७०.००
ख)	कुल जम्मा भुक्तानी	५२,७६,३०,७७५.८०	६३,७८,५१,४२३.३३
ग)	बचत /कमी (ग = क-ख)	(२,३६,०४,७६१.५६)	(९,३६,९४,१५२.६६)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(१४,०१,७९०.४७)	(६०,०४,८६४.७०)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-८३,१६०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(२,५०,०६,५५२.०३)	(९,९६,९९,०१७.३६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	५,९१,९६,६६९.९१	१५,८८,९५,६८७.२७
छ)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (छ= ङ+च+)	३,४१,९०,११७.८८	५,९१,९६,६६९.९१

पालिकाको विवरण वमोजिम आ. व. को अन्तिममा बैङ्क मौज्दात रु ३,४१,८८,७१३.८८ रहेकोमा सूत्रको एकीकृत वित्तीय विवरणमा रु ३,४१,९०,११७.८८ रहेको छ। फरक रु १,४०४।- को सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

३ **वित्तीय विवरणको यथार्थता -**

वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५,५४,६३,४५६.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू ३३,५६,३९९.४० समेत गरी रु. १५,८८,१९,८५५.४० एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **त्रैमासिक खर्च** -

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने गरी वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्दछ। पालिकाको शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

क्र.स	बजेटउपशिर्षक	कुलखर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	१५६९६२	५७७८	२६७२३	४१०३६	८३४२४	४६७९६
२	प्रतिशत	१००.००	३.६८	१७.०३	२६.१४	५३.१५	२९.८१

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५३.१५ प्रतिशत तथा आषाण महिनामा २९.८१ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

५ **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २४३ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५ लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१२९	१५	६२	५२
२.	वडा स्तरीय	११४	०	४१	७३
	जम्मा	२४३	१५	१०३	१२५

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१० योजनामात्र कार्यान्वयन भई ३३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले खरिद गुरुयोजना बेगर कार्य गरेको छ ।

· पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु २२ लाख ९५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू १४ लाख ८७ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनाउनु पर्ने देखिन्छ ।

७ **दरबन्दी भन्दा बाहिरका करार कर्मचारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका सामाजिक परिचालक, कार्यालय सहायक,खरिदार लगायतका पदमा कर्मचारी करार नियुक्ति गरी तलव भत्ता रु. २१,५९,६५६।- भुक्तानी गरेको पाइयो।करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

अनियमित भएको	२१,५९,६५६

८ **तलवी प्रतिवेदन -**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फका कर्मचारी र स्वास्थ्यतर्फका कर्मचारीहरुको रु ४,१०,००,०००।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

९ **वित्तीय समानीकरणबाट चालु खर्च-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष चालु तर्फका खर्च शिर्षकमा रु २,१९,७२,०००।– बजेट व्यवस्था गरी सो मध्ये विविध भैपरी खर्चमा रु १२,७२,०९०।- , अवलोकन भ्रमणमा रु २,९९,०००।- भैपरी आकस्मिक कोषमा रु ५,५९,२९०।- प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा रु ४०,००,०००।- खर्च गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट तयार गर्नुपर्दछ।

१० **बजेट अवण्डा –**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेश र पारित गर्दा गाउँपालिकाले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आवश्यकताको अनुमानित विवरण पेश गर्नुपर्ने व्यवस्था छ। बजेट निर्माण तथा खर्च गर्दा आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्वीकृत योजना तथा कार्यक्रम र बजेटको व्यवस्था बजेट स्वीकृत गराउँदाकै समयमा गर्नुपर्ने, अवण्डा रहने गरी बजेटको व्यवस्था गर्नु हुँदैन।पालिकाले देहायबमोजिम अवण्डा बजेट रहने गरी रु १,५९,४५,०००।– को विभिन्न कार्यक्रम मा राखेको छ। सो अवण्डा बजेटलाई गाउँसभाको मिति २०८०-११-८ को हिउँदे सभाबाट विभिन्न कार्यक्रममा बाँडफाँड गरेको छ। ऐनले गरेको व्यवस्था वमोजिम कार्यक्रम बनाउदा कै समयमा कार्यक्रम तोकी बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

कार्यक्रम	**बजेट**
विविध कार्यक्रम तथा योजनास्तर गा.पा.	२९,७५,०००।-
मर्मत सम्भार कार्यक्रम ७५ प्रतिशत अनुदान	३०,००,०००।- (७५% अनुदानलाई हिउँदे सभाले ९०% कायम गरेको)
सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम डिपट्यूवेल जडान ७५ प्रतिशत अनुदान	२०,००,०००।- (७५% अनुदानलाई हिउँदे सभाले ९०% कायम गरेको)
विद्यालय पूर्वाधार	७९,७०,०००।-
जम्मा	**१,५९,४५,०००।-**

११ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक र वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट ५ वटा सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार भएको छ भने अन्यको अनुगमन निरीक्षण गरेको देखिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१२ **गत विगतको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत

विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ५९,३२,०००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१३ **कानूनी सल्लाहकार तथा सचिवालय व्यवस्थापक** –

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले यस वर्ष १ जना सचिवालय व्यवस्थापक नियुक्त गरी मासिक रु २१,०००।- र १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.१५,०००।- का दरले चाडपर्व खर्च र पोशाक समेत रु.४,४२,०००।-पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नु पर्नेमा ऐनमा समावेश नगरी खर्च गरेको अनियमित रु

अनियमित भएको	४,४२,०००

१४ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु ११,१०,०००।- विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन।नियमावलीले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ।

१५ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विपन्नलाई उपचारार्थ आर्थिक सहयोग र अन्य सामाजिक सहयोग अन्तर्गत विभिन्न व्यक्ति तथा संघसंस्थालाई कुल रु. १३ लाख ८२ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१६ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

१७ **निःशुल्क सेनेटरी प्याड-**

मानव श्रोत तथा विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। पालिकाले आ व को अन्तमा रु १०,६३,४००।- बरावरको सेनेटरी प्याड खरिद गरेकोमा सबै कार्यालयमा मौज्दात रहेको छ। पालिकाले विद्यालयसँग विवरण लिई तोकिएका छात्राले समयमा नै सेनेटरी प्याड प्राप्त गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ।त्यसैगरी प्याड डिस्पोजेवल मेशिन रु ९,०४,०००।- मा खरिद गरी विद्यालयमा पठाएको छ। निर्देशिका बमोजिम विद्यालयको खुला ठाउँमा खाल्डो खनि डिस्पोज गर्न सकिने अवस्थामा पालिकाले मेशिन खरिद गरी वितरण गरेको छ।

तोकिएका छात्राहरुलाई १० महिनाको लागि पुग्ने गरी सेनेटरी प्याड व्यवस्थापन गर्नुपर्दछ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

१८ **विपद व्यवस्थापन** -

१८.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वियन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। पालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन ।पालिकाको यो वर्ष प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन तर्फ रु ९०,००,०००।- खर्च गरेको छ। कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

१८.२ पालिकाद्वारा विपद् व्यवस्थापन कोषबाट विभिन्न मितिमा जाली खरिद गरी वडाहरूमा वितरण गरिएको छ। वितरण गरिएका जालीहरूको आवश्यकता औचित्य एवं प्रयोजनका सम्बन्धमा पालिका विश्वस्त हुनुपर्दछ र सो सम्बन्धी हिसाब अभिलेख बिल भरपाई अद्यावधिक राख्नु पर्दछ। गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसारको जाली खरिद गरी खर्च गरेकोमा विपद् प्रभावित वा पूर्वतयारीका कार्यमा प्रयोग हुने गरी गरिएको प्राविधिक नापजाँचसहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

क्र.सं.	गो.भौ.नं. र मिति	जाली संख्या	रकम
१	४४।२०८०।११।३०	१०० पिस	५,०९,०००
२	६०।२०८१।२।३०	५० पिस	२,५४,७२८

प्रमाण पेश नगरेको	७,६४,७२८

१९ **गाउँपालिका चालुतर्फ** -

१९.१ **विद्यार्थी छनौटको आधार**- पालिकाले स्वीकृत कार्यक्रम बमोजिम सेरामिक्स सम्बन्धी व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रममा रु ६,१२,०००।- खर्च गरेको छ।कार्यक्रम वमोजिम विद्यार्थीहरुलाई माटोका भाँडा उत्पादन गर्न प्रविधियुक्त र व्यवसायिक क्षमतामा अभिवृद्धि गर्ने कार्यक्रमबाट ३ जना विद्यार्थीको स्नातक तहको व्याचलर अफ क्राफ्ट एण्ड डिजाइन कोर्ष अध्ययनको छात्रवृत्ति तर्फ भुक्तानी गरेको छ। काठमाडौँ विश्व विद्यालय अन्तर्गत अध्ययनरत उक्त विद्यार्थीहरु छनौट के कसरी भएको हो सो को आधार प्रमाण पेश नभएकोले छनौटको आधार पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६,१२,०००

१९.२ किसानको सहभागिता कम भएको – आ. व. २०७९।८० मा स्थापित तेलहन बाली पकेट विकास कार्यक्रम अन्तर्गत रु ८,८७,०००।- साना किसान कृषि सहकारी संस्था लि. लाई भुक्तानी भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत भएको सम्झौता बमोजिम ८५ प्रतिशत पालिकाको र १५ प्रतिशत किसानको हुनुपर्नेमा किसानको सहभागिता कम देखिएकोले किसानको अंशको रु ३१,१७३।-असूल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३१,१७३

१९.३ **डि. पी. आर** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ परिच्छेद-६ नियम ८४ र नियम ८५ अनुसार वोलपत्र,सिलबन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई रु ३७,३६,५५०।-

भुक्तानी गरेको छ। पालिकाको जनशक्तिबाट सो कार्य हुन सक्ने नसक्ने सो को आवश्यकता पहिचान र डि पि आर गरिएका योजनाको लागिबजेट सुनिश्चितता गरेको देखिएन। ट्रान्सपोर्ट मास्टर प्लान गढवा को डि. पि. आर मा रु १४,५७,७००।- खर्च भएकोमा आगामी वर्ष बजेटको व्यवस्था गरी कुनै योजना स्वीकृत भएका छैनन्। परामर्श सेवाबाट गरिएका डि. पि. आर कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

भौ. नं / मिति	कार्यक्रम	रकम	फर्म
६२५। ०८१-२-२४	समुदायमा आधारित आपतकालिन प्रति कार्ययोजना समूह तालिम	६,८१,६००।-	डेभलपमेन्ट कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा. लि.
६४०।०८१-	सडक गुरुयोजना	१४,५७,७००।-	ओझा इन्जिनियरिङ सर्भिसेज प्रा. लि
३२।०८०-७-१३	बुढनैया पर्यटकिय चेकड्याम तथा सिंचाई प्रणाली वडा नं ८	९,६५,०००।-	क्यासकेड कन्सल्टेन्स प्रा. लि.
५४२। ०८१-१-३०	गाँउपालिकाको क्षमता विकास योजना निर्माण	३,१०,७५०।-	क्लक कन्सल्ट प्रा. लि.
६८१। ०८१-३-१३	मध्यकालिन खर्च संरचना निर्माण	३,२१,५००।-	डाइनामिक कन्सेप्ट प्रा. लि.
जम्मा		३७,३६,५५०।-	

१९.४ कर कट्टा गर्नुपर्ने – २५३२।०८१-२-४ आयकर ऐन, २०५८ को दफा २ मा सामाजिक तथा सामुदायिक सेवा गर्ने गरी नाफा कमाउने उद्देश्यले गठन भएको सामाजिक संस्थाले कर नलाग्ने कार्य गरेमा कर छुट हुने व्यवस्था छ। आँखा रोग मोतिविन्दुको निःशुल्क अपरेसन कार्यक्रमबाट लमही आँखा अस्पताललाई रु २४,००,०००।- भुक्तानी गरेको छ। पालिका भित्रका आँखा रोग मोतिविन्दुको अपरेशन गरेको प्रतिव्यक्ति रु ८,०००।- का दरले गत वर्ष सहित यो वर्ष ३०० जना बरावरको रकम भुक्तानी भएको छ। लमही आँखा अस्पताल नाफा कमाउने संस्था नभएको कुनै आधार प्रमाण नभएको,नेपाल नेत्र ज्योती संघ संग आवद्ध भएको देखिएको अवस्थामा सो संस्थाले २०७३ सालदेखि आय-व्यय विवरण नबुझाएको (नन फाइलर आयकर तर्फ) अवस्था छ। लमही आँखा अस्पताल स्वयं कर छुट प्राप्त संस्था नदेखिएकोले सो भुक्तानीमा १५ प्रतिशतले हुने रु ३,६०,०००।-अग्रिम आयकर असूल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,६०,०००

२० **आन्तरिक आयतर्फ-**

२०.१ गाउँपालिकाको विवरण वमोजिम यो वर्ष रु १,५२,५४,७९७.९६ आन्तरिक आय प्राप्त भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

२०.२ राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको मिति २०८०-११-१६ को पत्रबाट गाउँपालिका क्षेत्रभित्रका विभिन्न १७ ठाउँबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न सकिने गरी परिमाण तोकेको छ। उल्लेखित १७ ठाउँबाट २,७२,७७७।- घ. मि. नदीजन्य पदार्थ संकलन गरी व्यवस्थापन गर्न सहमति दिइएको छ। सहमति दिइएका ठाउँमध्ये ११ वटा ठेक्का व्यवस्थापन गरी नदीजन्य पदार्थ संकलन गरिएको छ। उत्खनन् गरी संकलन गर्ने सम्मको कार्यको लागि सम्झौता मिति २०८०-१२-१५ पछि मात्र भएको छ।

२०.३ न्यून प्रतिस्पर्धा – विभिन्न ११ वटा घाटहरुबाट नदीजन्य पदार्थ ३११४४९ घ. मि. उत्खनन् तथा संकलन भएको छ। संकलित नदीजन्य पदार्थ ६१८९७ घ. मि. विक्रीबाट रु १,२९,२६,६७६।- राजश्व प्राप्त भएको छ। पालिकाको विवरण वमोजिम राप्ती नदीको २ वटा घाट बाट उत्खनन् ,संकलन तथा विक्री भएको पदार्थमा राप्ती गाउँपालिका र गढवा गाउँपालिकाको संयुक्त रुपमा राजश्व प्राप्त हुने देखिन्छ। यस वर्ष राप्ती गाउँपालिकाले प्राप्त गर्नुपर्ने ५९४३४ घ. मि. को राजश्व मा २४६२ घ मि मात्र विक्री भई रु ७,८६,१४४।- मात्र

प्राप्त गरेको छ। घाट गद्धी गरिएको नदीजन्य पदार्थको बोलकबोलको माध्यमबाट ठेक्का व्यवस्थापन गरेको कार्यमा पूर्ण प्रतिस्पर्धा भएको देखिएको छैन। प्रत्येकजसो ठेक्कामा १ वा २ भन्दा बढी व्यवसायीले प्रतिस्पर्धा गरेको देखिएन। न्यून प्रतिस्पर्धाको कारण नदीजन्य पदार्थको लागत बढी र उपलब्धि कम भएको अवस्था छ। घाट गद्धी खर्च समेत रु ४७९.७९ घ. मि. लागत परेको अवस्थामा ठेक्काबाट विक्री गर्दा प्रति घ. मि. रु. ४८०।- भन्दा माथि पर्न सकेको छैन।

२०.४ सबै जसो उत्खनन् कार्यमा गरी उत्खनन् खर्च रु. ७,२५,७०,२४०।- भएको छ ,सो खर्च मध्ये यस वर्ष रु २,४५,६३,६८९।- भुक्तानी भएको छ भने रु ४,५८,३५,८५०।- आगामी वर्षको लागि दायित्व सरेको छ। राप्ती गाउँपालिका तथा गढवा गाउँपालिका को गरी कुल २४९३५२.१२ घ मि को राजश्व दर प्रति घ. मि. रु. ३१९.२९ ले हुने रु ७,९५,०३,३१०।- बराबरको नदीजन्य पदार्थ मौज्दात रहेको छ। प्रतिस्पर्धा नहुने तथा न्यून प्रतिस्पर्धाको कारण लागत मूल्य बराबरमा नै कारोबार हुने गरेको छ। मौज्दात परिमाण आ. व. २०८१।८२ को प्रथम चौमासिक सम्म पालिकाले लागत मूल्यमा नै नगद तथा बैंक ग्यारेन्टीको माध्यमबाट विक्री गरी रु ३,१६,७२,३७७।- राजश्व प्राप्त गरेको छ।

२०.५ ढिला गरी ठेक्का व्यवस्थापन – नदीजन्य पदार्थ उत्खनन् गर्ने कार्यको ठेक्का सम्झौता २०८० चैत्र १५ गते पछि मात्र भएका छन् । ढिलोगरी ठेक्का व्यवस्थापन भएको कारण २०८० आश्विन देखि चैत्र १५ सम्म नदीजन्य पदार्थ चोरी निकासी हुने सम्भावना रहन्छ। वातावरण संरक्षण नियमावली,२०७७ को अनुसूची २ को प्रावधान अनुसार दैनिक ३०० घ. मि. नबढ्ने गरी मात्र उत्खनन्/संकलन गर्नुपर्नेमा ढिला ठेक्का व्यवस्थापन भएको कारण दैनिक ९०० घ. मी. उत्खनन/संकलन भएको छ। जसबाट IEE ले तोकेको मापदण्ड पुरा हुने अवस्था छैन।

२०.६ जरिवाना सहित राजश्व दाखिला गर्नुपर्ने – आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकम सोही दिन वा त्यसको भोली पल्ट बैंक दाखिला गर्नुपर्ने,तोकिएको समय भन्दा ढिला दाखिला गरेमा १० प्रतिशत जरिवाना समेत गणना गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाको वडा नं २ र ६ को देहायबमोजिम प्राप्त हुनु पर्ने नदीजन्य पदार्थको राजश्व रकम लामो समय सम्म दाखिला नभएकोले रु ३,१३,१८१।- असूल गरी दाखिला गर्नुपर्ने रु

वडा नं	**आर्थिक वर्ष**	**वडा सचिव**	**दाखिला गर्न बाँकी रकम**	**रसिद नं**	**जम्मा रु**
२	०८०।८१	अनिषा कुमारी चौधरी	२६३९८। ३६१६०।	२३५१-२४०० २४०१-२४५० २४५१-२५०० मध्येबाट	६२५५८।
६	०८०।०८१	रामनरेश यादव	४६३७०। ४०९२५।	२०१-२५० ४४५१-४५००	८७२९५।
६	०७९।०८०	रामनरेश यादव	७४८८०। ७३६००।	७०१-७५० ७५१-८००	
		जम्मा	१४८४८०।		
१० प्रतिशत जरिवाना			१४८४८।		१६३३२८
जम्मा					३१३१८१

असुल गर्नुपर्ने	३,१३,१८१

२०.७ राजश्व वक्यौता – पालिकाको विवरण वमोजिम शटर भाडाको सम्झौता बमोजिमको रकम तोकेको समयमा दाखिला हुनुपर्नेमा दाखिला भएको देखिएन। पालिकाको विवरण वमोजिम निम्न बमोजिमको विभिन्न शटरहरुको रु ४,०८,०००।- बराबरको वक्यौता रहेको छ।

वक्यौता रकम र सो को व्याज समेत राजश्व आम्दानी गर्नुपर्ने रु

नाम।ठेगाना	समय	वक्यौता रकम
शारदा धिताल गढवा -६	२०८१ जेठ -असार	१६०००।
विमल शाह गढवा -६	२०७९ श्रावण -२०८१ आषाढ सम्म	१९२०००।
शिवा श्रेष्ठ गढवा -६	२०७९ आषाढ -२०८१ आषाढ सम्म	२०००००।
जम्मा		**४०८०००।**

असुल गर्नुपर्ने	४,०८,०००

२१ **निःशुल्क उपचार सहायता -**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २२ जनाको लागि रु ९,९०,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु
१	क्यान्सर	१४	६३००००
२	मृगौला प्रत्यारोपण गरेका	३	१३५०००
३	मृगौला डाईलाइसिस गरिरहेका	४	१८००००
४	मेरुदण्ड पक्षघातका विरामीहरु	१	४५०००
	जम्मा	२२	९९००००

२२ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका चार बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको रु. ३९५०००.०० र यस वर्ष ५०० थान को रु. ४५००००.०० खरिद गरेकोमा गत वर्ष ४४६ जना र यस वर्ष ३०३ जना र गरी ७४९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ३६१ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२३ **औषधी खरिद** –

कार्याक्रम कार्यान्वयन निर्देशिका बमोजिम पालिकामा आपूर्ति हुने औषधीको उत्पादन मिति,ब्याच नं,उत्पादक कम्पनीको नाम,निःशुल्क वितरणको लोगो, दाखिला गर्दा कम्तिमा १८ महिना म्याद बाँकी रहेको जस्ता विषयहरू रहनु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष रु २२,१६,७००।- वोलपत्रको माध्यमबाट र रु ५५,५५,६६०।- बराबरको औषधि सोझै गरि जम्मा रु ७७,७२,३६०।– औषधी खरिद गरेको छ। वोलपत्रको माध्यमबाट खरिद गर्दा पालिकालाई कम व्ययभार हुने र खरिद गरिएका सबै औषधिमा निःशुल्क वितरणको लागि भन्ने लोगो अनिवार्य राख्नुपर्ने ,पालिकामा दाखिला हुँदा कम्तिमा १८ महिना म्याद रहेको जस्ता विषयमा ध्यान दिनुपर्दछ।

२४ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)** -

२४.१ **गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र पशु तथा कृषि क्षेत्रको क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ७,८५,७१,४२९।-को लागत साझेदारीमा मिति २०८३-९-१६सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९-९-२६ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु ५,५०,००,०००।- पालिकाले र बाँकी हुने रकम रु २,३५,७१,४२९।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. १,४८,९७,५८८।-भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

२४.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि मिति २०७९-९-२७ मा पाँच वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु. ६०,०००।- हेफरलाई २ किस्तामा उपलब्ध गराएको छ। पालिकाले सम्पादन गर्नुपर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतना सम्वन्धी तालिम कार्यक्रमहरु संचालन गर्न कृषि तथा पशू प्राविधिक कार्यरत रहेको अवस्थामा उक्त कार्य हेफरवाट गराउनु उपयुक्त देखिएन ।कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्ने देखिएको रु.

अनियमित भएको	६०,०००

२४.३ पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्थासँग कार्य गराउदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन ।

२४.४ सम्झौताको बुँदा नं. ९ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

२४.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. १,४८,९७,५८८।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले ग्रामीण महिला उत्थान केन्द्र मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन ।

२४.६ साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

२५ **कृषि तथा पशु अनुदान** -

२५.१ कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ८५७ जनाको लागि रु ५३,१९,३८७।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२५.२ कृषि तर्फ:

क्र.सं.	कार्यक्रमको नाम	बजेटको प्रकार	अनुदान प्रतिशत	अनुदान रकम रू	लाभग्राही संख्या
१	खाद्यन्न बालीको उन्नत विउ उपयोगमा अनुदान (धान, गहुँ)	सशर्त संघ सरकार बजेट	५०	७८५१००	३७५
२	बगर खेती प्रवर्धन कार्यक्रम	सशर्त प्रदेश सरकार बजेट	५०	५०००००	१९
३	साना सिंचाई कार्यक्रम	सशर्त प्रदेश सरकार बजेट	७५	१९७३००	२
४	सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रम डिप ट्युबेल जडान ७५ प्रतिशत अनुदानमा	गढवा गाउँपालिका निशसर्त बजेट	९०	८४५५००	५
५	साना सिंचाई मर्मत संभार कार्यक्रम ७५ प्रतिशत अनुदानमा	गढवा गाउँपालिका निशसर्त बजेट	९०	१६९३२१०	२७
६	करार खेतीमा अनुदान कार्यक्रम	गढवा गाउँपालिका निशसर्त बजेट	१००	६०१७७	८
७	गत आ.व.को गढवा ७ लक्ष्मीपुरमा सिंचाई बोरिङ्ग जडान	गढवा गाउँपालिका निशसर्त बजेट	९०	३०००००	३
	कूल खर्च रकम जम्मा रु			४३८१२८७	

२५.३ मत्स्य तथा पशुतर्फः

क.सं.	कार्यक्रमको नाम	रकम प्रतिशत	लाभग्राही संख्या	रकम रू
१	आयआर्जनका लागि विपन्न अशाहय मुक्त कमलरीहरूलाई बंगुरका पाठापाठी वितरण	१००	६३	३९८७५०
२	निशुल्क हिउँदे घासको विउ वितरण	१००	३५२	३९९३००
३	माछा पोखरी मर्मत तथा सुधार	५०	तीनजना प्रति किसान पचास हजारका दरले	१४००५०

२६ **संघीय (विशेष)** -

२६.१

शीत भण्डार निर्माण –गाउँपालिकाले मिति २०८०-२-२३ गते रु १३७३३०२२। मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी सी व्रदर्थ कन्स्ट्रक्सन एण्ड सप्लायर्स सँग भएको छ। सो निर्माण कार्यमा निम्न व्यहोरा देखिएको छः-

२६.२ हर्जाना – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा सम्झौता वमोजिम तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिन का दरले हर्जाना लाग्ने व्यवस्था गरेको छ। शीत भण्डार निर्माण कार्यको म्याद थप पछिको ठेक्का अवधि २०८०-८-३० सम्म रहेकोमा सो निर्माण कार्य हालसम्म सम्पन्न भएको छैन। निर्माण व्यवसायीको म्याद सकिएको र म्याद थप समेत नभएको कारण सो निर्माण व्यवसायीलाई नियमानुसार हर्जाना लगाई कार्य सम्पन्न गर्नुपर्दछ। दोश्रो रनिङ विल सम्म सो निर्माण कार्यको ७८ प्रतिशत वित्तीय प्रगति भएको छ। गत वर्षको म. ले. प प्रतिवेदनमा ठेक्का समयमा व्यवस्थापन नगर्ने, म्याद थप समेत नगरी ठेक्का अलपत्र पारेको भनि उल्लेख गरेकोमा यो वर्ष समेत उल्लेखनिय प्रगति भएको छैन।

२६.३ Production House – शीत भण्डार निर्माण कार्यमा रु १ करोड १५ लाख वजेट रहेकोमा शीत भण्डारमा खर्च नभै बाँकी रकमबाट पालिकाले सोही क्षेत्रमा Production House Building निर्माणको लागि रु ५५,४२,६७३।- (भ्याट समेत) मिति २०८०-१-२७ मा ठेक्का सम्झौता गरी कार्य गरेको छ। जुन कार्यक्रम योजनाको लागि विनियोजित वजेट हो सो योजना नै समयमा सम्पन्न गर्ने गरी कार्य गराउनुपर्दछ। Production House को प्रथम तथा अन्तिम विलबाट रु ५२,४६,३००।- खर्च भएको छ। शीत भण्डार सम्पन्न नभएसम्म Production House को कार्य नहुने भएकोले मूख्य योजना अधुरो छाडी अन्य शिर्षकमा खर्च गर्नु नियम सम्मत नदेखिएको रु

अनियमित भएको	५२,४६,३००

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ३ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १८८ जनालाई औसत ६२ दिनले ८०२७ दिन रोजगारी उपलब्ध गराई रु. ५३,६२,०३६।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२८ **प्रदेश सर्शत तर्फ** –

२८.१ सरस्वती मा. वि. गढवा भवन निर्माण – सरस्वती मा वि गढवाको भवन निर्माण कार्यको लागि यो वर्ष मिति २०८०-९-११ मा रु ८१,२५,४०७.५६।-(भ्याट समेत) मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

२८.२ अधुरो रहने गरी कार्य गरेको –सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन प्रगति अनुगमन गर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने,खरिद सम्झौताको शर्त बमोजिम कार्य भए नभएको सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था छ। सरस्वती मा.वि.गढवाको ठेक्का नं ३८।०७९।०८० मा रु २,५९,०१,२५२।-(भ्याट।पि एस समेत) को रकम मा भवन निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९-३-२७ मा सम्झौता भएको देखिन्छ। एन.वी.कन्सट्रक्सन सँग भएको सो निर्माण कार्यको सम्झौता अवधि मिति २०८० असार सम्म रहेकोमा सो को म्याद थप गरी निर्माण सम्पन्न गर्ने तर्फ नलागी ठेक्का अधुरो रहने गरी कार्य भएको छ। निर्माण कार्यको चौथो विलसम्म रु २,०४,०६,१०७.६७।- (७९ प्रतिशत) बराबरको कार्य भएकोमा सो कार्य त्यत्तिकैमा छाडि पालिकाले यस आ.व. मा नयाँ ठेक्का लगाएको छ। नयाँ खरिद सम्झौता गर्नुपर्नाको कारण,पुरानो ठेक्का के कति कारणबाट निरन्तरता दिन नसकिएको,निर्माण व्यवसायीले समयमा काम नगरेमा नियमानुसार कारवाहीको प्रकृया चलाउनुपर्ने, तथा वांकी कार्यको मूल्यांकन गरि हुने रकम पहिलो ठेक्कावाट असूल गर्ने आदि कुनै कार्य भएको छैन। पुरानो कामको मूल्यांकन नगरी पुनः नया ठेक्का बाट कार्य गर्दा नयाँ दरमा कार्य गर्नुपर्दा निर्माण कार्यमा बढी लागत पर्न जाने हुन्छ। तोकिएको सम्झौता अवधिमा कार्यसम्पन्न नभएको तथा म्याद थप समेत नभएकोमा पालिकाले भौतिक रुपमा कार्य सम्पन्न गरेको तर नापी अनुसार विल उठाउन मात्र बाँकी जनाएको भन्ने व्यहोरा गत वर्षको म. ले. प. प्रतिवेदनमा उल्लेख भए बाट नयाँ ठेक्का गर्नुपर्ने आधार देखिँदैन।

२८.३ पेश्की रकम असूल गर्नुपर्ने – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० (क) मा निर्माण कार्यको म्याद थप गर्दा कार्य सम्पादन जमानत,बीमा र पेश्की जमानतको म्याद थप गरी गर्नुपर्ने व्यवस्था छ। सरस्वती मा.वि. गढवाको आ व ०७९।०८० को ठेक्काको म्याद मिति २०८० असार सम्म रहेको र ठेक्का अलपत्र रहेको तथा नयाँ ठेक्का गरेबाट निर्माण व्यवसायी एन.वी इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सँग बाँकी रहेको पेश्की रकम रु २२५५०००। असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२२,५५,०००

२८.४ अनियमित कार्य – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिम कार्य नगरेमा,पेश्की दुरुपयोग गरेमा,सम्झौता वमोजिम कामको प्रगति नगरेमा,कार्य वीचैमा छाडेमा तथा सार्वजनिक हितको लागि सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था गरेको छ।पालिकाले सरस्वती मा. वि गढवाको आ. व ०७९।०८० को खरिद सम्झौता त्यसै छाड्नुको कारण उल्लेख गरेको छैन,ठेक्का रद्द तथा तोडेको समेत छैन। प्रथम ठेक्का को कुनै निर्णय नगरी रु ८१२५४७५।- मा ठेक्का व्यवस्थापन गरि दोश्रो ठेक्का (आ व ०८०।८१) बाट दोश्रो तथा अन्तिम विल सम्म रु ८१,३५,६२८।- भुक्तानी भएको छ ।

२९ **१५ शैय्या अस्पताल निर्माण** –

२९.१ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत १५ शैय्या अस्पताल निर्माण कार्यको सम्झौता मिति २०७८-१२-२२ मा रु १३,४९,६८,९११।- (भ्याट/पि एस समेत) मा सम्पन्न गर्ने गरी भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

२९.२ न्यून प्रगति – सो अस्पताल निर्माण कार्यको ठेक्का अवधि २०८०-१२-२१ सम्म रहेकोमा २०८२ वैशाख मसान्तसम्म म्याद थप गरेको र हाल सो भवनको चौथो रनिङ विल सम्म रु ३४०९१५२८। को काम भई २५ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। सम्झौता भए पश्चात हाल सम्म ४० प्रतिशत कार्य भै सक्नु पर्नेमा पेश्की बाँकी रु २०२०००००। फछ्र्यौट हुने गरी कार्य गरेको छैन। निर्माण कार्यमा भएको ढिलाईले पेश्की रकम लामो समयसम्म फछ्र्यौट नभै निर्माण व्यवसायीसँग नै रहने अवस्था छ। आ.व. २०८०।८१ मा रु ३०,००,०००।- मात्र बजेट रहेको र यस आ.व. मा कुनै कार्य भएको छैन। समयमा नै कार्य सम्पन्न गर्ने गरी निर्माण कार्यको अनुगमन गर्नुपर्ने देखिन्छ। गत वर्षको म. ले. प प्रतिवेदनमा समेत निर्माण कार्यको ८० प्रतिशत समय व्यतित भै सक्दा निर्माण व्यवसायीबाट २५ प्रतिशतको हाराहारीमा मात्र कार्य भएको छ भनि उल्लेख भएकोमा आ.व ०८०।८१ मा ठेक्काको म्याद थप बाहेक अन्य कुनै कार्य भएको छैन। म्याद थप गर्नुपर्नाको कारण समेत उल्लेख नगरी म्याद थप भएको छ।

३० **गाउँपालिका पूजीगत तर्फ** -

३०.१ स्रोत सुनिश्चतता नगरी निर्माण कार्य – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम कार्य शुरु नगरेमा,वीचैमा छाडेमा ,सम्झौता वमोजिम कार्य प्रगति नगरेमा तथा ५९ (१) मा सार्वजनिक हितको लागि सुविस्ताको आधारमा ठेक्का तोड्न सक्ने व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा खरिद कारवाही गर्दा आवश्यक पर्ने वजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारवाही शुरु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उठैया – खजरौटा –कक्रहवा सडक कालोपत्रे गर्ने कार्यको लागि मिति २०७९-१-६ मा २ वर्ष भन्दा बढी अवधि राखी रु ४,३२,१३,८९३।– (भ्याट समेत) ठेक्का सम्झौता गरी कार्य गराएको छ। निर्माण कार्यको चौथो विल आ.व. ०७९।०८० मा भुक्तानी भएको, चौथो विल सम्म रु २,४७,२९,९८७।– भुक्तानी भै निर्माण कार्यको ५७.२३ प्रतिशत कार्य प्रगति भएको अवस्थामा बजेटको अभाव कारण उल्लेख गरी कार्यपालिकाको मिति २०८०-१२-३० को निर्णयले ठेक्का रद्द गरेको छ। सडकको १२५० मिटर भित्र Sub base सम्मको कार्य भएको अवस्थामा बाँकी कार्य श्रोत सुनिश्चित गरी निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य रद्द गरिएको छ। कम लागतमा कार्य सम्पन्न हुने अवस्थाको पहिचान नगरी ठेक्का रद्द गर्दा सोही कार्यको लागि बढी लागत पर्न जाने हुन्छ। लाभ लागतको विश्लेषण नगरी ठेक्का रद्द गरिएको छ। ठेक्का रद्द गर्ने समयमा निर्माण व्यवसायीको नाममा पेश्की बाँकी रु २८,००,०००।– रहेको छ। गत वर्षको भुक्तानी बाँकी रू ७,३५,७७०।- र पेश्की बाँकी रु २८,००,०००।- लाई समेटिने गरी निर्माण व्यवसायीको पाँचौ विल रु ३५,३५,७७०।- तयार गरी ९७।०८०-११-१७ मा पेश्की फछ्र्यौट गरी भुक्तानी गरिएको छ। चौथो विल र पाँचौ विलको समयावधि करीव ९ महिना रहेको छ। पाँचौ विलसम्म रु २,८२,६५,७५७।- भक्तानी भै निर्माण कार्यको ६५ प्रतिशत वित्तीय प्रगति भएको अवस्थामा श्रोत सुनिश्चित गरी निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्नेमा ठेक्का रद्द गरिएको छ। जसबाट बाँकी निर्माण कार्यको लागि बढी लागत पर्न जाने हुन्छ।

३०.२ हिलपार्क स्काई साइक्लिङ – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्यको कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ८ मा निर्माण गरिएको हिल पार्क साइक्लिङ कार्य २ वटा फर्मसँग क्रमशःरु ९,८३,८३४।- र ९,०६,७००।- वेग्लावेग्लै कोटेशन लिई सोझै गराएको छ। हिल पार्क साइक्लिङ बाट उठ्ने राजश्व रकम समेत गाउँपालिकाको राजश्वमा आएको छैन। साइक्लिङ गरे स्वरुप छिमेकी राष्ट्रका नागरिक र नेपालीको दर फरक फरक रहेकोमा सो को आय पालिकाको राजश्व खातामा आउनु पर्दछ। नियमावलीले गरेको व्यवस्था वमोजिम सिलबन्दी दरभाउपत्रको आह्वान गरी प्रतिस्पर्धाबाट निर्माण कार्य गराउनु पर्नेमा सोझै गराएको नियमित गर्नुपर्ने रु

अनियमित भएको	१८,९०,५३४

३०.३ **बजेट भन्दा बढीको लागत अनुमान** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(५) मा सार्वजनिक निकायले खरिद कारवाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिद कारबाही सुरु गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष गरेका देहाय वमोजिमको निर्माण कार्यमा बजेट कम तर सो कार्यको लागत अनुमान बढीको तयार गरेको छ। बजेट भन्दा बढीको लागत अनुमान बनाउँदा बजेटको सुनिश्चितता गरेको छैन। नियमावलीले गरेको व्यवस्था वमोजिम बजेटको सुनिश्चितता गरेर मात्र खरिद कारवाही सुरु गर्नु पर्दछ।

निर्माण कार्य	**स्वीकृत बजेट**	**लागत अनुमान**
गढवा क्याम्पस चोकदेखि खरखरे डाँडा सडक	१,६०,००,०००।-	१,९३,७४,५८२।-
गढवा गा पा वडा न ७ घोराहा देखि सेमरी जोड्ने सडक	२५,००,०००।-	३०,१५,२४१।-
धरैनी दामोदर सडक देखि खानेपानी....	५०,००,०००।-	५७,५७,३७२।-
दक्षिण हाइवे देखि उत्तर दामोदर सडक.....	५०,००,०००।-	६०,९७,१९०।-
चन्दनपुर मोजपूर विजयपूर पक्की सडक	५०,००,०००।-	५७,५८,९५४।-
वडा नं ४ भालुदोन्द्रो खोलादेखि कटिया गाउँ....	५०,००,०००।-	५६,८९,९१२।-

३०.४ कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने – २१।०८१-३-२० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ५ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कारबाही सुरु गर्नु अघि मालसामान आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले वडा नं २ को भोरिसाल नाकामा खानेपानी तथा सिँचाई प्रयोजनको लागि जय माँ लक्ष्मी ट्रेडर्स सँग रु ९,९८,०००।- बराबरको पाइप खरिद गरेको छ। खरिद गरिएको पाइप अधिकाँश पालिकामा मौज्दात छ भने केही वडा नं २ कार्यालयमा पठाइएको छ। खरिद गरिएको पाइप सम्बन्धित योजनामा जडान नभएकोले सो जडान कार्यको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९,९८,०००

३१ **अधुरो निर्माण कार्य** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्य योजना अनुसार कार्य भए नभएको, निर्माण कार्यको प्रगति,गुणस्तर परीक्षण,सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन लगायतका कार्यको अनुगमन गरी समयमा नै निर्माण कार्य सम्पन्न गराउने तर्फ पहल गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले देहाय वमोजिमका महत्वपूर्ण निर्माण कार्यक्रम सम्झौतामा उल्लेख भएको अवधि भित्र सम्पन्न भएका छैनन्। समयभित्र निर्माण सम्पन्न नभएका अधुरा योजनाहरू समयमा सम्पन्न गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ।

योजनाको नाम	सम्झौता मिति	सम्झौता रकम रु	कार्य प्रगति प्रतिशत
उठैया–खजरौटा- कक्रहवा सडक	२०७९-१-६	४,३२,१३,८९३।-	६५ (ठेक्का रद्द गरेको)
वइका गल्ली-पचैया तीन घरुवा सडक	२०७८-८-३	१,७४,०१,९९७।-	५२
शीत भण्डार निर्माण	२०८०-२-२३	१,३७,३३,०२२।-	७८
१५ शैय्या अस्पताल निर्माण	२०७८-१२-२२	१३,४९,६८,९११।-	२५
लालपूरको पुल देखि लाखेर पुर जाने बाटो	२०७९-७-२५	३४,५६,६२८।-	४३

३२ **बजेट भन्दा बढी खर्च** –

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा स्वीकृत बजेट खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले कोठरी बाटो कालोपत्रे गर्ने कार्यको लागि रु २७,११,४५३।- को लागत अनुमान बनाई रु २३,९९,५१६।-(भ्याट समेत) मा ठेक्का सम्झौता गरी कार्य गराएको छ। सो सडक कालोपत्रे गर्ने कार्यको लागि बजेट रु १९,८०,०००।-रहेकोमा पालिकाले सो कार्यमा बजेट भन्दा बढीको लागत अनुमान बनाई बजेट भन्दा बढीको सम्झौता गरी रु २३,९९,५१६।- को प्रथम तथा अन्तिम विल उठाएको छ। बजेट नभएको कारण र स्वीकृत बजेट समेत व्यवस्था गर्न नसकि विल रकम आगामी वर्षको लागि दायित्व सारेको छ। स्वीकृत बजेट भित्र रही कार्य गराउनु पर्नेमा बजेटको व्यवस्था नगरी आगामी वर्षको लागि दायित्व सर्ने गरी कार्य गराएको अनियमित कार्य रु

अनियमित भएको	२३,९९,५१६

३३ **पूर्व निर्धारित क्षतिपूर्ति** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ७ को कभर्डहल निर्माण कार्यको लागि रु ३५,९८,४१६।- मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०-९-१ मा सम्झौता गरेको छ। निर्माण कार्यको सम्झौता अवधि २०८१-२-५ सम्म रहेको र सो अवधिमा कार्य सम्पन्न भएको छैन। तोकिएको समयमा कार्य सम्पन्न नभएको तथा सम्झौताको म्याद थप समेत नभएकोले नियमावलीले गरेको व्यवस्था वमोजिम सम्झौता अंकको १० प्रतिशतले हुने रु ३,५९,८४१।- हर्जाना लगाई असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,५९,८४१

३४ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु ८,४९,०००।- बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रु. ८,४९,०००।-फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

भौ. न / मिति	विवरण	नाम	रकम
२२। २०८०-१०-१५	शिक्षक विद्यार्थी र अभिभावकहरुको लागि जीवन उपयोगी शिक्षा कार्यक्रम	अभ्युदय शिक्षा केन्द्र नेपाल	३४९०००
२२३। २०८१-३-१९	CTEVT का आङ्गिक शिक्षालयसंगको समन्वयमा उद्यमशिलता विकास सीपमूलक तालिम संचालन	राप्ती प्राविधिक विद्यालय	५०००००
जम्मा			८४९०००

पेश्की	८,४९,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गढवा गाउँपालिका, दाङ , गढवा गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	AMAR RAJ SHARMA	२०८०-६-२३	
कार्यालय प्रमुख	Krishna Paudyal	२०८१-६-१०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,७२७,१९५	१२,१९८,००६	२,३७४,७२८	०	०	८४९,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१९,१४८,९२९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१९,१४८,९२९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५९२७९८२९.९१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४४६२३९०८.७४	चालु खर्च	३७०६६८६०३.८
प्रदेश सरकारबाट अनुदान	३५९३३७५०	पूँजीगत खर्च	१५६९६२१७२
राजश्व बाँडफाँट	१३५७६५७४९.७८	वित्तीय/अन्य व्यवस्था	२५०२९३८९३.४९
आन्तरिक आय	१५२५४७९७.९६		
अन्य आय	२२१२५५३४६.७८		
कुल आय	७५२८३३५५३.२६	कुल खर्च	७७७९२४६६९.२९
बाँकी मौज्दात		३४१८८७१३.८८	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।